# क्रियाकलाप सञ्चालन प्रक्रिया

केन्द्रीय आयोजना समन्वय समितिको २०७७ असोज ८ को बैठकको निर्णयानुसार पशु सेवा विभाग अन्तर्गतका सम्बन्धित कार्यालय/निकायहरुमा छलफल भई पशु सेवा विभागबाट २०७७ मंसिर १८ मा स्वीकृत)


नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना

हरिहर भवन, ललितपुर

फोन : ०१-५०१०००१

इमेल: nlsipnepal@gmail.com

वेवसाइट : www.nlsip.gov.np

# दुई शब्द

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना दूध, खसी/बोकाको मासु र पश्मिना मूल्य शृंखलामा आबद्व साना फार्म र व्यवसायमा जलवायु मैत्री नवीन प्रविधिहरुको प्रयोग बढाई पशुको उत्पादकत्व वृद्धि गर्ने, पशुजन्य उत्पादनहरुको मूल्य अभिवृद्धि गर्ने र नेपालको पशु सेवा क्षेत्रको सुदृढीकरण गर्ने उद्देश्यले विश्व बैंकको सहयोगमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट सञ्चालन भइरहेको आयोजना हो । यो आयोजना देशका ५ प्रदेशमा, २८ जिल्लाका २८९ नगर तथा गाँउपालिकाहरुमा २५०० कृषक समूह र ५०० सहकारीमा आबद्ध सहित २००००० लाभग्राहीसम्म पुग्ने लक्ष सहित आर्थिक वर्ष २०७४/७५ देखि कार्यान्वयनमा आएको छ ।

आयोजनाले सम्भाग **"क" संस्थागत सुदृढीकरण तथा आवश्यक नियामक क्षमता सबलीकरण**द्वारा उपयुक्त वातावरण सिर्जना गरी सम्भाग **"ख" पशु सेवा क्षेत्रमा नवीनता प्रबर्द्धन तथा सेवा प्रवाहको आधुनिकीकरण** र सम्भाग **"ग" पशुजन्य उत्पादनहरुको समावेशी मूल्य शृंखला विकास** अन्तर्गत उत्पादन र उत्पादकत्व बढाउने क्रियाकलापहरु सञ्चालन गरिरहेको छ भने सम्भाग **"घ" आयोजना व्यवस्थापन तथा ज्ञान सिर्जना** आयोजनाको समग्र व्यवस्थापनसँग सम्बन्धित छ। आयोजनाले लिएको लक्ष हासिल गर्न आयोजना व्यवस्थापन कार्यालय र विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालयहरु मार्फत विभिन्न क्रियाकलापहरु सञ्चालन भइरहेका छन र चालू र आगामी आ.व.हरुमा अझ सघनरुपमा थप क्रियाकलापहरु सञ्चालन गरिनेछन ।

आयोजनाले सञ्चालन गर्ने क्रियाकलापहरुमध्ये सम्भाग "क" र "घ" अन्तर्गतका क्रियाकलापहरु प्रचलित आर्थिक, प्रशासनिक नियम र नर्म्स अन्तर्गत रही सञ्चालन भइरहेका छन भने सम्भाग "ग" अन्तर्गतका क्रियाकलापहरु सञ्चालन गर्नको लागि छुट्टै **उप-आयोजना सञ्चालन तथा व्यवस्थापन विधिहरु** तयार गरिएको छ। तसर्थ, विशेष गरी आयोजनाको सम्भाग "ख" अन्तर्गत सञ्चालन हुने प्रमुख क्रियाकलापहरु बारे आयोजना कार्यान्वयनमा सहभागी सबैको समान बुझाई रहोस् र क्रियाकलाप कार्यान्वयनमा एकरुपता कायम रहोस् भन्ने उद्देश्यले यो **क्रियाकलाप सञ्चालन प्रक्रिया, २०७७** तयार पारिएको छ । यसमा समावेश नभएका कतिपय क्रियाकलाप सञ्चालन प्रक्रियाहरु कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट छुट्टै स्वीकृत समेत गराइएको छ ।

यो सञ्चालन प्रक्रियामा आयोजनाले हाल सञ्चालन गरिरहेका वा सञ्चालन गर्ने सोच राखेका प्रमुख क्रियाकलापहरु समावेश गरिएको भए पनि कतिपय क्रियाकलापहरु छुटेका हुन सक्छन । यसरी हाल समावेश गर्न छुट भएका वा पछि थप गरिने नयाँ क्रियाकलापहरु समेत थप गरेर यो सञ्चालन प्रक्रियामा समयानुकूल सुधार गरिने विश्वास दिलाउछु । यो सञ्चालन प्रक्रिया आयोजना कार्यान्वयनमा संलग्न सबैकोलागि उपयोगी हुने अपेक्षा गरेको छु र प्रस्तुत सञ्चालन प्रक्रिया तयार पार्ने कार्यमा महत्वपूर्ण योगदान दिनुहुने आयोजनाका प्राविधिक सल्लाहकार टोलीका विज्ञहरु र आयोजनाका अन्य सबै सहकर्मी मित्रहरुमा म हार्दिक धन्यवाद प्रकट गर्दछु ।

भाद्र, २०७७

डा. डिल्लीराम सेढाई

आयोजना निर्देशक